## यसकारण विद्यालय शिक्षा ऐन आवश्यक

# एक शिक्षक जो ३४ वर्षदेखि एउटै श्रेणीमा !




३४ वर्षदेखि त्रिभुवन मावि खलंगा जाजरकोटमा कार्यरत शिक्षक सत्यनारायण मण्डल।

**राजेन्द्र कार्की** | *जाजरकोट*

जाजरकोटमा मण्डल सर भन्ने बित्तिकै जो कोहीले पनि असल र इमान्दार शिक्षकका रूपमा चिन्ने गर्छन्। उनी धेरैका गुरु हुन्। गणित, विज्ञान र ऐच्छिक गणितमा अब्बल दक्षता राख्ने मण्डल सर आदर्श शिक्षकका रूपमा स्थापित छन्। सप्तरी जिल्ला तिरहुत गाउँपालिका ५ निवासी सत्यनारायण मण्डल त्रिभुवन मावि खलंगाका गणित/विज्ञान शिक्षक हुन्।

२०४८ साल भदौ २ गते अस्थायी नियुक्ति लिएर शिक्षण थालेका मण्डल सर अहिलेसम्म निरन्तर सेवामा छन्। २०५२ सालको शिक्षक सेवा आयोगको परीक्षाबाट २०६० साल मंसिर ७ गते स्थायी नियुक्ति लिएका मावि तृतीय श्रेणीका उनी अहिलेसम्म पनि सोही श्रेणीमा कार्यरत छन्। अहिलेसम्म उनको स्तर वृद्धि हुन सकेको छैन।

धेरैलाई शिक्षा दिए। धेरैको गणित र साइन्स पढ्ने वेस बनाइदिए। डाक्टर इन्जिनियर, प्रशासकलगायतका उच्च पदमा पुग्ने आधार बनाइदिए तर आफू भने मैनबत्ति जस्तै जलिरहे। ३४ वर्षअघि जुन पद र श्रेणीमा उनले सुरु नियुक्ति लिएका थिए। अहिले पनि उही पद र श्रेणीमै काम गर्न बाध्य छन्। काममा जुन उत्साह र जोस थियो त्यो विस्तारै निराशामा परिणत हुन थालेको छ। 'ऊर्जाशील समय सबै जाजरकोटमै बित्यो अब यहीँबाट रिटायर्ड हुने हो', उनले भने, 'म मेरो पेशाबाट सन्तुष्ट छु। धेरै विद्यार्थी र अभिभावकबाट गहिरो माया र श्रद्धा पाएको छु तर बढुवामा भने म निकै अन्यायमा परेँ।' उनको रिटायर्ड हुन अढाई वर्ष मात्र बाँकी छ।

उनले भारतको बिहारस्थित जगदीश नन्दन कालेज मधुवनीबाट प्रथम श्रेणीमा बीएस्सी उत्तीर्ण गरेका हुन्। पूर्वी तराईमा जन्मेर, त्यहीँ शिक्षादिक्षा लिएर हुर्केको मधेसी समुदायको मान्छे अति विकट दुर्गम जिल्ला जाजरकोटमा पहिलोपटक आउँदा छुट्टै संसारमा पुगेको अनुभूति भयो। सुर्खेतको बोटेचौरबाट पैदल हिँडेर जाजरकोट पुग्नुपर्थ्यो। करिब दुईदिन पैदल हिँडेर जाजरकोट खलंगा पुग्थे।

त्यतिबेला धेरै दुःख थियो उनले भने, 'मैले ९ र १० कक्षामा अनिवार्य विज्ञान र ऐच्छिक गणित निरन्तर रूपमा अध्यापन गराइरहेको छु। त्यसका साथै केही वर्ष ११ र १२ कक्षा र क्याम्पसमा मेजर गणित, अर्थशास्त्रको गणित, विज्ञान शिक्षण लगायतका विषयको अध्यापन गराएँ। माध्यमिक र आधारभूत तहका विज्ञान र गणित विषयका दर्जनौं तालिम र प्रशिक्षक प्रशिक्षण तालिमहरू लिएँ। धेरै शिक्षकहरूलाई प्रशिक्षण पनि गराएँ। जिल्ला शिक्षा समितिबाट २०६२ सालमा उत्कृष्ट शिक्षका रूपमा पुरस्कृत पनि भए।'

यद्यपि, बढुवामा भने उनलाई ठूलै झड्का लाग्यो जबकी सोर्सफोर्सकै कारण उनीभन्दा ८ जना जुनियर शिक्षक द्वितीय श्रेणीमा बढुवा भए तर उनी तृतीयबाट माथि उक्लन सकेनन्। २०६६ सालमा कार्यसम्पादन मूल्यांकनबाट हुने बढुवामा जम्मै स्रोत व्यक्तिहरू बढुवा भए।

वर्षौंदेखि नपढाएर तत्कालीन जिल्ला शिक्षा कार्यालय वरिपरि घुम्ने स्रोत व्यक्ति बढुवा हुने तर वर्षौंदेखि फिल्डमा खटिने शिक्षक उपेक्षित भएपछि उनले तत्कालीन क्षेत्रीय शिक्षा निर्देशनालयमा उजुरीसमेत दिए।

उजुरीमाथि छानबिन हुँदा आफूले पेस गरेको कार्य सम्पादन मूल्यांकन (कासमु)फायल नै गायब भएको उनको गुनासो छ।

'फायल गायब मात्र गरिएन जिल्ला शिक्षा कार्यालयको दर्ता रजिष्टर नै नक्कली बनाएर कासमु फारम नै नभरेको देखाइयो। जवकी कि मैले प्रत्येक वर्ष प्रधानाध्यापकसँग प्रमाणित गराएर कासमु पेस गरेका थिए।

यो कुराले मलाई साह्रै तनाव दियो' उनले भने, 'अस्थायीसहित सेवा गर्न थालेको ३४ वर्ष पुगिसक्यो। स्थायी भएकै २२ वर्ष भइसक्यो मैले बढुवामा अवसर पाउन सकिनँ। जाजरकोटबाट धेरै सिक्ने र सिकाउने अवसर पाएँ। तर, मेरो वृत्ति विकास हुन सकेन यही कुराले मात्र पिरोल्ने गर्छ। बढुवामा बदमासी भयो। निश्पक्षता भएन। चौथो तहमा नाम निकालेका मैले पढाएका विद्यार्थी अहिले सातौं तहमा पुगिसके। छैटौं तहमा प्रवेश गरेको मान्छे १०औं तहमा पुगिसक्छ। हामी भने वर्षौं घोटिएर पनि उही पदमा काम गर्न बाध्य छौं। शिक्षा क्षेत्रमा दक्ष जनशक्ति भित्र्याउने हो भने शिक्षकहरूलाई पनि अन्य सेवा र क्षेत्र सरह वृत्ति विकासको अवसर दिनु पर्छ। कम्तीमा १० वर्षमा आवधिक बढुवा प्रणाली लागु गर्नु पर्छ। यी प्रावधानसहित तत्काल विद्यालय शिक्षा ऐन आउनुपर्छ र हामी जस्ता सोर्सफोर्स नभएका शिक्षकहरूको वृत्ति विकासमा सहयोग हुनेगरी ऐन जारी हुनुपर्छ। शैक्षिक गुणस्तरका लागि पनि शिक्षकको वृत्ति विकास आवश्यक छ।'

## अन्तर्राष्ट्रिय शान्तिवक्ता प्रेम रावत भक्तपुरमा



**भक्तपुर** (अन्नपूर्ण) : अन्तर्राष्ट्रिय शान्तिवक्ता एवं सुप्रसिद्ध लेखक प्रेम रावतले भक्तपुरको सिपाडोलमा हजारौं स्रोतामाझ सम्बोधन गरेका छन्।

११ वर्षपछि शान्तिवक्ता रावतले नेपालमा वैशाख ६ गते रूपन्देहीको सैनामैना र वैशाख १० गते भक्तपुरमा गरी दुईवटा कार्यक्रमलाई सम्बोधन गरे। दुवै कार्यक्रममा हजारौंको उपस्थिति थियो।

कार्यक्रममा सम्बोधन गर्दै प्रेम रावतले भने, 'हामीले प्राप्त गरेको यो जीवन अत्यन्तै दुर्लभ छ। सत्यता के हो? तीनवटा कुरा सबैका लागि समान छन्। पहिलो तपाईँको जन्म भएको छ, दोस्रो तपाईं अहिले जीवित हुनुहुन्छ। तपाईंभित्र श्वास आइरहेको अनि गइरहेको छ। अनि, तेस्रोचाहिँ एक दिन तपाईंले यो संसारबाट विदा लिनुपर्ने छ।'

व्यक्तिले आफ्नो जीवनमा कुन कुरालाई प्राथमिकता दिनु आवश्यक छ ? जीवनमा सदैव आन्तरिक आनन्दको अनुभव गर्नु आवश्यक छ। यसका लागि आफूभित्र भएका सृष्टिकर्तालाई मान्नु नभएर चिन्नु नै आवश्यक रहेको पनि उनले कार्यक्रममा बताए।

आत्मज्ञान प्रचार संघले उक्त कार्यक्रमको आयोजना गरेको हो। प्रेम रावत सर्वाधिक बिक्री भएको पुस्तक 'हियर योरसेल्फ' का लेखक पनि हुन्।




## त्रिशूली नदीमा डुबेर युवकको मृत्यु

**नुवाकोट** (अन्नपूर्ण) : त्रिशूली नदीमा डुबेर नुवाकोटको किस्पाङका एक जना युवकको ज्यान गएको छ। साथीहरूसँग माछा मार्न गएका बेला नुवाकोटको विदुर नगरपालिका-९ बिजुरास्थित त्रिशूली नदीमा डुबेर किस्पाङ गापा-१ का २२ वर्षीय विजय विकको ज्यान गएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ। उनको शव प्रहरीको विपत् विशेष टोलीले डुबिरहेको अवस्थामा फेला पारेको प्रहरी नायव उपरीक्षक विक्रम लामाले जानकारी दिए।

**पर्सा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पर्सा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

### पोखरी ठेक्का वन्दोवस्त सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०१/१४)**

**आ.व. २०८१/०८२**

यस गाउँपालिका क्षेत्रअधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन् सोहि अवस्थमा नै आ.व. २०८१/०८२ देखि २०८४/०८५ सम्म ३ वर्ष (३६ महिना मात्र) को लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्महरूबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र दिन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनसम्म कार्यालय समयभित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र रु. ३०००।- को (पछि फिर्ता नहुने गरि) रकम भुक्तानी गरि बोलपत्र खरिद गर्न सकिने छ।

**पोखरीको विवरण**

| सि. नं. | ठेक्का नं. | पोखरीको नाम | ठेगाना | न्युनतम रकम |
|---|---|---|---|---|
| १. | PRM/01/082/2081 | कालिका स्थान पोखरी<br>पार्वतिया पोखरी | पर्सा गा.पा. १ संग्रामपुर, सर्लाही | २७,८०,३१०।- |

(**नोट:** यस बोलपत्र सम्बन्धी थप सूचना तथा जानकारीको पूर्ण विवरण यस गाउँपालिकाको वेभसाइट ***www.parsamun.gov.np*** बाट प्राप्त गर्न हुन अनुरोध छ।)

**प्रमुख प्रशासकीय अधिकृत**

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

### तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०१/१४)

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरवारमार्ग, काठमाडौं नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकविच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| क.सं. | ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | क.सं. | ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण |
|---|---|---|---|
| १. | **ऋणी : सिभिल फर्मास्यूटिकल्स (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,**<br>प्रा.फ.र.नं. : ४०९५९/०७७/७८, ठेगाना : वीरगंज १०, पर्सा<br>**प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **राज कुमार राउत -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ०४४६२९६४, मिति २०६०/०३/३२ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : जगदिश राउत कुर्मी, बाजे : धरिछन राउत<br>२. **जगदिश राउत कुर्मी -जमानीकर्ता** (ना.प्र.नं. ६७८/०४४६१७८२, मिति २०४४/११/०९ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : धरिछन राउत कुर्मी, बाजे : खेदल राउत कुर्मी<br>३. **सुदामा देवी -जमानीकर्ता** (ना.प्र.नं. ७७७/०४४६१८२४, मिति २०४४/११/११ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : जगदिश राउत कुर्मी, ससुरा : धरिछन राउत कुर्मी<br>४. **संध्या देवी -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७६-०६५१२, मिति २०७६/०६/०६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति: राज कुमार राउत, ससुरा: जगदिश राउत कुर्मी<br>५. **राज नारायण राउत कुर्मी -जमानीकर्ता** (ना.प्र.नं. ०४४६३०९७, मिति २०६१/१०/१७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : जगदिश राउत कुर्मी, बाजे : धरिछन राउत<br>६. **सिमा देवी -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७५-०००८२, मिति २०७५/०१/०३ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : राज नारायण राउत, ससुरा : जगदिश राउत कुर्मी | २. | **ऋणी : गोल्डेन कन्स्ट्रक्सन (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,**<br>घ. तथा सा.उ.का. प्रा.फ.पर्सा.नं.: ९८३७/०७५/०७६, ठेगाना: लंगडी ०९, पर्सा<br>**प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **धिरज कुमार साह -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ३४१०४६/१४५, मिति २०६७०८।०७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : शिवलाल प्रासद कानु, बाजे : सरजुग साह कानु<br>२. **चम्पा कनुईन -जमानीकर्ता** (ना.प्र.नं. ५३५०१०२५, मिति २०४२/११/२६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति: शिवलाल प्रासद कानु, ससुरा: सरजुग साह कानु<br>३. **सुरज कुमार साह -जमानीकर्ता** (ना.प्र.नं. ३४१०४६/२११, मिति २०६८/०५/०७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : शिवलाल प्रासद कानु, बाजे : सरजुग साह कानु<br>४. **सुनिल कुमार साह -जमानीकर्ता** (ना.प्र.नं. १५३४१६६७, मिति २०५७/०८/२५ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु: शिवलाल प्रासद कानु, बाजे: सरजुग साह कानु<br>५. **रंजिता कुमारी साह -जमानीकर्ता** (ना.प्र.नं. ३४३०४६/१८०, मिति २०६३।१०।०७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : सुनिल कुमार साह, ससुरा : शिवलाल प्रासद कानु<br>६. **प्रदिप कुमार साह -जमानीकर्ता** (ना.प्र.नं. ३४१०४६/१४, मिति २०६४/०४/२९ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : शिवलाल प्रासद कानु, बाजे : सरजुग साह कानु |
| ३. | **ऋणी : प्रितम ट्रेड सप्लायर्स (अधिविकर्ष कर्जा) -शाखा कार्यालय वीरगंज,**<br>प्रा.फ.र.नं. : ३६७६९/०७४/७५, ठेगाना : वीरगंज २८, पर्सा<br>**प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **जय नारायण सिं कुर्मी -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ०४४६१५५०, मिति २०३८/०४/०२ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : मौजी सिंह राउत कुर्मी, बाजे : राम गुलाम राउत कुर्मी<br>२. **गृजा देवी -जमानीकर्ता** (ना.प्र.नं. ४२३/०४४६०३४९, मिति २०४४/११/१० मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : जय नारायण सिंह कुर्मी, ससुरा : मौजी सिंह राउत कुर्मी<br>३. **प्रितम कुमार पटेल -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-६९-०५४०४, मिति २०६९/१०/२८ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : सोनालाल प्रसाद कुर्मी, बाजे : नथुनी राउत<br>४. **झमुनी देवी कुर्मीन -जमानीकर्ता** (ना.प्र.नं. ०४४६०३४९, मिति २०४६/०८/३० मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : मौजी सिंह राउत कुर्मी, ससुरा : राम गुलाम राउत कुर्मी | ४. | **ऋणी : आयुसी पशुपालन फार्म (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,**<br>उद्योग दर्ता नं. : ९९३१/०८/०७८/०७९, ठेगाना : महागढीमाई ०७, बारा<br>**प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **अनिता कुमारी साह -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ३३-०१-७१-०४९५०, मिति २०७१/०९/०६ मा जि.प्र.का. बाराबाट जारी भएको)<br>पति : सुधिर कुमार साह, ससुरा : सोनालाल सा कलवार<br>२. **सुदामा प्रसाद साह कलवार -जमानीकर्ता** (ना.प्र.नं. १४४५/१९८३/२९०३३, मिति २०६०/०२/१४ मा जि.प्र.का. बाराबाट जारी भएको)<br>बाबु : सोनालाल सा कलवार, बाजे : रेखा साह कलवार<br>३. **सुधिर कुमार साह -जमानीकर्ता** (ना.प्र.नं. ४१९१०, मिति २०६३/०९/०३ मा जि.प्र.का. बाराबाट जारी भएको)<br>बाबु : सोनालाल सा कलवार, बाजे : रेखा साह कलवार<br>४. **रेखा गुप्ता -जमानीकर्ता** (ना.प्र.नं.३३३०३६/१४८, मिति २०६३/१२/११ मा जि.प्र.का. बाराबाट जारी भएको)<br>पति: सुदामा प्रसाद साह, ससुरा: सोनालाल सा कलवार |
| ५. | **ऋणी : संजय पोल्ट्री फर्म (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,**<br>उद्योग दर्ता नं. : १२८९७/०७७/०७८ , ठेगाना : बहुदरमाई ०५, पर्सा<br>**प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **रामेश्वर राउत अहिर -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. १३५२२०९५/१०२६, मिति २०४३/०९/१७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : ऋषि राउत अहिर, बाजे : राम गोविन्द राउत अहिर<br>२. **संजय प्रसाद यादव -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७४-०७०९५, मिति २०७५/०५/१४ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : रामेश्वर राउत अहिर, बाजे : ऋषि राउत अहिर<br>३. **विजय प्रसाद यादव -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७०-०७९०२, मिति २०७०/०६/१४ मा जि.प्र.का.पर्साबाट जारी भएको)<br>बाबु : रामेश्वर राउत अहिर, बाजे : ऋषि राउत अहिर<br>४. **धनमान्ती देवी -जमानीकर्ता** (ना.प्र.नं. ३४३०१४/४९०, मिति २०६३/०१/२७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : रामेश्वर राउत अहिर, ससुरा : ऋषि राउत अहिर | ६. | **ऋणीहरु : विक्की कुमार जैसवाल र शिवाय कोल एण्ड कन्सट्रक्सन सप्लायर्स प्रा.लि. (विविध कर्जा) -शाखा कार्यालय वीरगंज**<br>(क) **विक्की कुमार जैसवाल** (ना.प्र.नं. ३२१०४६-४५३८, मिति २०६५/०८/१७ मा जि.प्र.का. रौतहटबाट जारी भएको), ठेगाना : राजपुरफरहदवा ०२, रौतहट<br>बाबु : लाल बाबु प्रसाद, बाजे : जोधन प्रसाद कलवार<br>(ख) **शिवाय कोल एण्ड कन्सट्रक्सन सप्लायर्स प्रा.लि.**<br>दर्ता नं. : १८२९४६/०७४/०७५, ठेगाना : राजपुर ०१, रौतहट<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **विक्की कुमार जैसवाल -प्रोप्राईटर/जमानीकर्ता (ना.प्र.नं. ३२१०४६-४५३८,** मिति २०६५/०८/१७ मा जि.प्र.का. रौतहटबाट जारी भएको)<br>बाबु : लाल बाबु प्रसाद, बाजे : जोधर प्रसाद कलवार<br>२. **निभा कुमारी -जमानीकर्ता** (ना.प्र.नं. ३२-०१-७७-००००६, मिति २०७७/०४/०४ मा जि.प्र.का. रौतहटबाट जारी भएको)<br>पति : विक्की कुमार जैसवाल, बाजे : लाल बाबु प्रसाद |
| ७. | **ऋणी : पारस गेट ग्रिल उद्योग (डिमाण्ड कर्जा) -शाखा कार्यालय वीरगंज,**<br>उद्योग दर्ता नं. ८५७१/०७३/०७४ ठेगाना : वीरगंज १८, पर्सा<br>**प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **पारस साह सोनार -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. १६०३१६३०१, मिति २०३९/०१/१६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : राजा साह सोनार, बाजे : लखन साह सोनार<br>२. **सोबिता कुमारी साह सराफ -जमानीकर्ता** (ना.प्र.नं. ३४१०२२/७३३५, मिति २०६६/०५/११ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : शिव कुमार सर्राफ ससुरा : पारस साह सोनार<br>३. **राम देई देवी -जमानीकर्ता** (ना.प्र.नं. ४८६९, मिति २०४६/०३/१८ मा जि.प्र.का. पर्साबाट जारी भएको), पति: पारस साह सोनार, ससुरा: राजा साह सोनार<br>४. **शिव कुमार सर्राफ -जमानीकर्ता** (ना.प्र.नं. ३४१०२२/७१२०, मिति २०६६/०३/२८ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : पारस साह सोनार, बाजे : राजा साह सोनार<br>५. **सुनिल कुमार सर्राफ -जमानीकर्ता** (ना.प्र.नं. ३४१०२२/७११९, मिति २०६६/०३/२८ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : पारस साह सोनार, बाजे : राजा साह सोनार<br>६. **जङ्ग बहादुर साह सोनार -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-६९-०१९-५७, मिति २०६९/०६/१७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : पारस साह सोनार, बाजे : राजा साह सोनार | ८. | **ऋणी : प्रमा पोल्ट्री फर्म (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,**<br>उद्योग दर्ता नं. १३२२६/०७७/०७८, ठेगाना: बहुदरमाई न.पा. वडा नं. ५ पर्सा<br>**प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **उदय कुमार यादव -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-६९-०६९३३, मिति २०६९/१२/२० मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : मैना राउत अहिर, बाजे : ऋषि राउत अहिर<br>२. **अजय प्रसाद यादव -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७२-०४०१३, मिति २०७२/०५/१३ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : मैना राउत अहिर, बाजे : ऋषि राउत अहिर<br>३. **असेसर प्रसाद यादव -जमानीकर्ता** (ना.प्र.नं. १३५२२४२०, मिति २०५८/११/१९मा जि.प्र.का. पर्साबाट जारी भएको), बाबु: मैना राउत अहिर, बाजे: ऋषि राउत अहिर<br>४. **मैना राउत अहिर -जमानीकर्ता** (ना.प्र.नं. १३५२१५५७, मिति २०४३/०९/१६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : ऋषि राउत अहिर, बाजे : राम गोविन्द राउत अहिर |

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा, प्रधान सम्पादक : अखण्ड भण्डारी**